## १. भू-उपयोग

भोजपुर जिल्लाको कुल क्षेत्रफल १,५२,२३५ हेक्टर (१५२२ वर्ग कि.मी.) रहेको छ । जसमध्ये वन क्षेत्र ९०,५३१.१ हेक्टर रहेको छ, अर्थात जिल्लाको कूल भू-भागको ५९.४७% वनक्षेत्रले ढाकेको छ । बाँकी कृषि योग्य जमीन, चरण क्षेत्र, चट्टान, खोलानाला, आवास क्षेत्र, बाटो आदि रहेको छ ।

| सि.नं. | भू-उपयोग क्षेत्र | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | वन क्षेत्र (Forest) | ९०५३१.१ | ५९.४७ |
| २ | अन्य काष्ठ तथा बुट्यान क्षेत्र (Other wooded land-OWL) | ९३३९.६ | ६.१३ |
| ३ | चरण/घाँसे मैदान (Grassland) | ३४६९.८ | २.२८ |
| ४ | कृषियोग्य जमिन (Cropland) | ४८०९५.८ | ३१.५९ |
| ५ | भिरपाखा/चट्टान (Bare Rock) | ७२.७ | ०.०४७ |
| ६ | आवास तथा निर्मित संरचना (Built-up) | ५०.५ | ०.०३३ |
| ७ | नदी खोला (Water Body) | ४४१.१ | ०.२९ |
| ८ | बगर (Riverbed) | २३४.४ | ०.१५ |
| **जम्मा क्षेत्रफल** | | **१५२२३५** | **१००** |

*(स्रोतः FRTC, 2022)*

## २. वन जंगल

भू-श्रोत मापन परियोजना (LRMP-1986) को तथ्याङ्क अनुसार भोजपुर जिल्लाको कुल क्षेत्रफल १,५०,९९४.१ हेक्टर मध्ये ७७,२३२ हेक्टर वन क्षेत्र रहेको देखिन्छ जुन कुल जिल्लाको कुल क्षेत्रफलको ५०.७९% हो । नेपालको राष्ट्रिय भू-क्षेत्र अनुगमन प्रणाली (National Land Cover Monitoring System of Nepal) को पछिल्लो प्रतिवेदन (NLCMS, 2020-2022) अनुसार यस जिल्लाको कुल क्षेत्रफल १,५२,२३५ हेक्टर मध्ये वन क्षेत्र ९०,५३१.१० हेक्टर रहेको देखिन्छ ।

## ३. हावापानी

भोजपुर जिल्ला भौगोलिक हिसाबले समुन्द्र सतह देखि १५३ मि. देखि ४१५३ मि. सम्मको उचाई सम्म फैलिएको यस जिल्लाको तल्लो तटीय क्षेत्र अर्थात बेंसी क्षेत्रमा उष्ण प्रदेशीय वन देखि मध्य पहाडमा उपोष्ण प्रदेशीय देखि उच्च पहाडी क्षेत्रमा शीतोष्ण र सब अल्पाईन जलवायुमा पाईने वनजंगल पाइन्छन्। यस जिल्लामा पाईने वन जंगललाई हावापानी तथा उचाइका आधारमा निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ।

हावापानीको आधारमा भोजपुर जिल्लाको वर्गीकरण (Ecological Zones)

| प्रकार | उचाई | क्षेत्र प्रतिशत |
|---|---|---|
| तल्लो उष्ण क्षेत्र (Lower Tropical) | १५३-३०० मि. सम्म | २.७ |
| माथिल्लो उष्ण क्षेत्र (Upper Tropical) | ३००-१००० मि. सम्म | ३०.५ |
| उपोष्ण (Sub-Tropical) | १०००-२००० मि. सम्म | ४९.८ |
| शितोष्ण (Temperate) | १७००-२२०० मि. सम्म | १५.१ |
| सब अल्पाईन (Sub-Alpine) | ३०००-४१५३ मि. सम्म | १.७ |

*(स्रोतः The map of potential vegetation of Nepal, a forestry/agro-ecological/biodiversity classification system, 2005)*

## ४. भोजपुर जिल्लाको वन क्षेत्रको व्यवस्थापकीय वर्गीकरण

| क्र.सं. | वनको किसिम | संख्या | क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|---|
| १ | सामुदायिक वन | ५६६ | ४५,३८२.६७ | |
| २ | धार्मिक वन | ४ | १०.७७ | |
| ३ | कबुलियती वन | १९५ | ७५९.७२ | |
| ४ | निजी वन | ४९ | ४०.०७ | |
| ५ | सरकारद्वारा व्यवस्थित वन | - | ३३,८८८.९३ | |
| ६ | प्रस्तावित वन संरक्षण क्षेत्र | १ | १०,४८९.०१ | |

### क) सामुदायिक वन उपभोक्ता समूहहरुको विवरण

| सि.नं. | सव डिभिजन वन कार्यालय | समूह संख्या | क्षेत्रफल (हे.) | घरधुरी संख्या | लाभान्वित जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा |
| १ | दिङ्गला | १२१ | १०१४८.९६ | ९९३३ | २४३०१ | २६५१० | ५०७४५ |
| २ | टेम्के | १६२ | १०७६२.२४ | १४८७४ | ४१४८६ | ४२८२८ | ८४३१४ |
| ३ | अरुण | १२७ | ७०४८.७८ | ९९२८ | २५३३८ | २६३९४ | ५१७३२ |
| ४ | रामप्रसादराई | ५४ | ५३७८.२ | ५०५२ | १५७६७ | १६०११ | ३१७७८ |
| ५ | हतुवागढी | ४६ | ७३७१.१३ | ६४५४ | १८०९७ | १९३२२ | ३७४१९ |
| ६ | आमचोक | ५६ | ४६१०.१७ | ४९३१ | १०४०२ | १२१११ | २२५१३ |
| **जम्मा** | | **५६६** | **४५३१९.५** | **५११७२** | **१३५३९१** | **१४३१७६** | **२७८५०१** |

### ख) कवुलियती वन समूहहरुको विवरण

| सि.नं. | सव डिभिजन वन कार्यालय | समूह संख्या | क्षेत्रफल (हे.) | घरधुरी संख्या | लाभान्वित जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा |
| १ | दिङ्गला | ० | १३.८६ | ० | ० | ० | ० |
| २ | टेम्के | २ | ३.८८ | १६ | ४० | ४५ | ८५ |
| ३ | अरुण | ६२ | २६५.०९ | ५५३ | १५५० | १६६५ | ३२१५ |
| ४ | हतुवागढी | ५१ | २२३.४ | ४०८ | ९९० | १०७७ | २०६७ |
| ५ | आमचोक | १९ | ६२.१६ | १२५ | ३६५ | ३६४ | ७२९ |
| **जम्मा** | | **१३४** | **५६८.३९** | **११०२** | **२९४५** | **३१५१** | **६०९६** |

### ग) धार्मिक वनको विवरण

| सि.नं. | धार्मीक वनको नाम | ठेगाना | क्षेत्रफल (हे.) | घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | सिंहदेवी सानो | पौवादुङमा गा.पा. २ | १.०२ | ३४ |
| २ | हरिकुल | पौवादुङमा गा.पा. ५ | १.०४ | १४ |
| ३ | कालिका जाल्पादेवी | अरूण गा.पा. ४ | ०.९६ | १४ |
| ४ | चण्डिथान | आमचोक गा.पा. ३ | ७.७५ | २६ |
| **जम्मा** | | | **१०.७७** | **८८** |

## ५. सव डिभिजन वन कार्यालयहरु र कार्यक्षेत्र

| सि.नं. | सव डिभिजन वन कार्यालय | नगरपालिका/गाउँपालिका |
|---|---|---|
| १ | दिङ्ला | षडानन्द न.पा., साल्पासिलिछो गा.पा. |
| २ | टेम्के | भोजपुर न.पा., टेम्केमैयुम गा.पा. |
| ३ | अरुण | अरुण गा.पा., पौवादुङमा गा.पा |
| ४ | रामप्रसादराई | रामप्रसादराई गा.पा. |
| ५ | हतुवागढी | हतुवागढी गा.पा. |
| ६ | आमचोक | आमचोक गा.पा. |

## ६. स्थानीय तह अनुसार वनको विवरण

| सि.नं. | गा.पा./न.पा. | क्षेत्रफल (हे.) | | वनक्षेत्र प्रतिशत | |
|---|---|---|---|---|---|
| | | कुल क्षेत्रफल | वनक्षेत्र | स्थानिय तह | जिल्लाभित्र |
| १ | आमचोक गा.पा. | १८३६२ | ८७३४ | ४७.५७ | ११.९६ |
| २ | अरुण गा.पा. | १५३८२ | ५३४७ | ३४.७६ | ७.३२ |
| ३ | हतुवागढी गा.पा. | १४१७७ | ५७९९ | ४०.९० | ७.९४ |
| ४ | पौवादुङ्मा गा.पा. | ११८१४ | ४६०३ | ३८.९६ | ६.३० |
| ५ | रामप्रसादराई गा.पा. | १५७५१ | ७९६९ | ५०.५९ | १०.९१ |
| ६ | साल्पासिलिछो गा.पा. | १९२२३ | १२९६६ | ६७.४५ | १७.७५ |
| ७ | टेम्केमैयुङ गा.पा. | १७२४३ | ८५७९ | ४९.७५ | ११.७५ |
| ८ | भोजपुर न.पा. | १५८५९ | ७२६१ | ४५.७८ | ९.९४ |
| ९ | षडानन्द न.पा. | २३९७३ | ११७७९ | ४९.१३ | १६.१३ |

*(स्रोतः वन अनुसन्धान तथा सर्वेक्षण विभाग, २०१८)*